# नेपालगंज उप-महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज
(प्रमथ पटक प्रकाशित मिति : २०७५।१०।२१गते)

**वडा न.४ स्थित चिल्ड्रेन पार्क सञ्चालन सम्वन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

यस नेपालगञ्ज उपमहानगरपालिकाको वडा न.४ मा रहेको चिल्ड्रेन पार्कमा प्रवेश शुल्क लिई ठेक्कामा दिई सञ्चालन तथा व्यवस्थापन गर्ने सम्वन्धमा सो को लागि ईच्छुक व्यक्ति, व्यवसायीफर्महरुलाई तपसिलका शर्तहरुको अधिनमा रहने गरी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । ठेक्कामा संचालन गर्न चाहने ईच्छुक व्यक्ति, व्यवसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

क) ठेक्का अवधि ५ वर्षको रहनेछ, ।

ख) न्यूनतम कबोल अंक बार्षिक रु.६०,०००।- (मूल्य अभिवृद्धिकर बाहेक) कायम गरिएको छ ।

ग) कवोल अंकको १३ प्रतिशत मूल्य अभिवृद्धिकर समेत अनिवार्य बुझाउनुपर्नेछ ।

घ) धरौटी वापत आफुले कवोल गरेको ठेक्का रकमको १० प्रतिशत धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित धरौटी खाता नं.ग-३-४१३०३०३००७१०४ मा जम्मा गरि सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ ।

ङ) प्रत्येक वर्ष कवोल अंकको ५ प्रतिशतले ठेक्का रकम वृद्धिहुदै जानेछ, ।

च) कवोल अंक र मुल्य अभिबृद्धिकर रकम सम्झौता हुनुअघि नै एकमुष्ठ बुझाउनुपर्नेछ ।

छ) प्रवेशशुल्क : प्रतिव्यक्ति रु.५।- (पाँच बर्ष मुनिका र ६० वर्ष माथिकालाई निशुल्क हुनेछ )

ज) परिसर भित्र रहेका सम्पूर्ण सामान, सामाग्री, पूर्वाधारहरुको संरक्षण, मर्मतसंभार गर्ने सम्पूर्ण जिम्मेवारी ठेकेदारपक्षको हुनेछ,

झ) अन्य नियमहरु सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

ञ) यस सम्वन्धि फाराम यस कार्यालयको राजश्व शाखाबाट रु.१०००।- तिरी खरीद गर्न सकिनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)
नेपालगञ्ज उपमहानगरपालिका